# प्रभुको मण्डली

## यो के हो र के होइन

डी. एस. वार्नर

**Contact:**

Church of God
P.O. Box 19087
Maijubahal, Chabahil, KTM, Nepal
E-mail : churchofgodnepal@gmail.com
www.churchofgod.net

# अध्याय-एक
# मण्डली के हो ?

'मण्डली' अथवा 'मण्डलीहरु' जस्ता शब्द नयाँ करारमा एकसय नौ पटकसम्म प्रयोग गरिएको पाइन्छ, जो इक्लिसिया (Ekklesia ) भन्ने शब्दका रुपान्तरण हुन् । अझ स्पष्ट ढङ्गले बुझ्न खोज्दा यसको अर्थ धार्मिक मण्डली हो र बाइबलको परिभाषामा यसको अर्थ 'प्रभुको धार्मिक मण्डली' वा 'पहिला जन्मेकाहरुको धर्ममण्डली' आदि भनेर बुझिन्छ , जसले यसका दिव्य संस्थापक प्रभुलाई बुझाउछ । 'एन्टिओकमा अवस्थित धार्मिक मण्डली', 'कोरिन्थमा रहेको प्रभुको धार्मिक मण्डली', 'एशियाको धार्मिक मण्डली' 'गलातियाको धार्मिक मण्डली' आदिले प्रभुको धार्मिक मण्डलीका विभिन्न भौगोलिक स्थानहरुलाई जनाउँदछन् । तर, हामीले 'मण्डली' भन्ने साझा शब्दको प्रयोग गरौं वा 'धार्मिक मण्डली' भन्नै जस्तो उचित र विशिष्ट नाम, हामीले तिनको अर्थ प्रभुको वचनबाट प्रेरित छन् भने मात्र प्रयोगमा ल्याउनु पर्दछ । बाइबलको भावनात्मक अर्थबाट टाढा रहेर बाइबलका शब्दहरुको प्रयोग गर्नु भनेको बाइबललाई बेठीक अर्थ लगाउनु वा गलत किसिमले बुझ्नु हो ।

त्यस्तो हो भने मण्डलीका बारेमा बाइबलको परिभाषा के हो त ? यसको उत्तर हो-'परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनु भयो र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शीर बनाइदिनु भयो, जुन मण्डली उहाँको शरीर हो, उहाँको पुर्णता हो । र उहाँले नै सबै थोक परिपुर्ण पार्नुहुन्छ ।'(एफीसी १: २२,२३)

'उहाँ शरीर अर्थात मण्डलीका शीर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहा सर्वोच्च रहनुहोस्' कलस्सी १:१८ । 'अब तिमीहरुका खातिर मेरो दुःखभोगमा म आनन्द मनाउँछु र ख्रीष्टका कष्टहरुको कमीलाई, उहाँको शरीरको खातिर , अर्थात् उहाँको मण्डलीको खातिर म आफ्नो देहमा पुरा गर्दछु ।'(कलस्सी १:२४)

मण्डली ख्रीष्टको शरीर हो । मण्डली ख्रीष्टको शरीर भएका कारण यसले अपरिहार्यरुपमा सम्पुर्ण इशाईहरुलाई समावेश गर्दछ । त्यसकारण कुनै सांसारिक निर्माणलाई मण्डली भन्नु हस्याँस्पद हुन्छ । त्यसैगरी कुनै संगठनलाई मण्डली भनिनु पनि सत्यलाई उल्टाउनु जस्तै हुन्छ । कुनै सम्प्रदायले ख्रीष्टको सम्पुर्ण शरीर धारण गर्न सक्दैन । त्यसकारण जुनसुकै पनि सम्प्रदाय प्रभुको मण्डली हुन सक्दैन । त्यसैले कुनै इमान्दार मानिस जस्तै, जसले प्रभुको बोलीमा फैसलाको अपेक्षा गरोस् । उद्धार गरिएका सबैलाई , चाहे विश्वव्यापीरुपमा होस् या निश्चित स्थानमा, के कुराको हेक्का रहोस् भने कहिल्यै पनि ख्रीष्टको शरीर बाहेक अरु चीजहरुलाई मण्डली नमानियोस्

# अध्याय-दुई
# मण्डलीको संस्थापक को हो ?

हामीलाई के थाहा छ भने अब्राहामले 'एउटा पवित्र जग भएको शहरको प्रतीक्षा गरे, जसको निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ ।'(हिब्रु ११:१०) ईश्वरका दुत पावल धर्म परिवर्तन गरेका हिब्रुलाई अर्को अध्यायमा भन्दछन् (श्लोक २२-२४)- 'तर, तिमीहरु त सियोन पर्वतमा आएका छौ, जुन जीवित परमेश्वरको शहर हो, त्यही स्वर्गीय यरुशलेममा र असंख्य स्वर्गदतहरुको आनन्द उत्सवमा आएका छौ । स्वर्गमा नाम दर्ज भएका पहिला जन्मिएकाहरुका सभामा तिमीहरु आएका छौ । तिमीहरु सबैका न्यायकर्ता परमेश्वरकहाँ , सिद्ध बनाइएका धार्मिक मानिसका आत्माका बीचमा र नयाँ करारका मध्यस्थ येशुको सम्मुख तथा छर्किएको त्यो र

गतको साम् आएका छौ, जसले हाबिलकौ रगतभन्दा अझ उत्तम वचन बोल्दछ ।' (हिब्रु १२:२२-२४)

त्यो शहर जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर हुनुहुन्छ, उहाँ धार्मिक शुभसमाचार लिएर आउनु भयो र त्यो नै पहिला जन्मिएकाहरुको मण्डली हो । त्यो शहर जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर हुनुहुन्छ, उहाँ धार्मिक शुभसमाचार लिएर आउनु भयो र त्यो नै पहिला जन्मिएकाहरुको मण्डली हो ।'खीष्ट शरीरमा प्रकट भएका परमेश्वर हुनुहुन्थ्यो' र उहाँ नै मण्डलीका संस्थापक, निर्माणकर्ता र स्रष्टा हुनुहुन्छ। 'मोशाभन्दा येशु अझ बढी गौरवशाली ठहरिनु भयो, जसरी घरभन्दा घर बनाउनेको बढी आदरसम्मान हुने गर्छ । किनभने हरेक घर कुनै न कुनै मानिसबाट बनाइएको हुन्छ तर सबैथोक बनाउने त परमेश्वर नै हुनुहुन्छ ।'(हिब्रु ३:३,४)

'....उहाले आफ्नै रगतले किन्नु भएको परमेश्वरको मण्डलीको हेरचाह तपाईंहरु गर्नुहोस् ।'(प्रेरित २०:२८)

'पतिहरु हो आफ्ना पत्नीहरुलाई प्रेम गर, जसरी खीष्टले मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफुलाई अर्पण गर्नुभयो । यस हेतुले कि उहाँ आफैंले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्नुहोस् र कुनै दाग वा चाउरी नभएको अथवा कुनै अपवित्र कुरा नभएको तेजस्वी मण्डली आफैं कहाँ प्रस्तुत गर्नुहोस् । त्यो पवित्र होस् र खोटरहित होस् ।'(एफीसी ५:२५-२७) '.....म मेरो मण्डलीलाई यही चट्टानमाथि स्थापित गर्नेछु । नरकका ढोकाहरु त्यसमाथि विजयी बन्न सक्ने छैनन् ।'(मत्ती १६:१८)

# अध्याय-तीन
# मण्डलीको निर्माण कहिले भयो ?

माथि उल्लेखित अन्तिम सन्दर्भले प्रभुको मण्डलीको तत्कालीन स्थापनाको भविष्यका बारेमा सन्देश प्रवाहित गर्दछ । १ कोरिन्थी ३:९ भन्दछ-'....किनकि हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरु चाहिं परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ।'

'ती भवन, परमेश्वरको इच्छा व्यक्त गर्नसक्ने भविष्यकथक क्रिस्तानी सिद्धहरु र ईश्वरका दूतहरुको जगमा निर्माण भएको छ र जसको प्रमुख आधार चाही खीष्ट येशु स्वयम् हुनुहुन्छ। जसमा सम्पुर्ण घरधुरी एकैसाथ जोडिने छन् र ती प्रभुमा आश्रित एउटै पवित्र मन्दिरका रुपमा निर्माण हुदै जान्छन् । अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान बन्नका लागि तिमीहरु पनि उहामा एकैसाथ निर्माण हुदै जान्छौ ।'(एफीसी २:२०-२२)

'तिमीहरु पनि, येशु खीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य,आत्मिक बलिदान चढाउने पवित्र पुजाको निम्ति जीवित पत्थरहरुझैं आत्मिक घर बन्दैजाऊ ।'(१ पत्रुस् २:५)

सन् ३२ मा खीष्टले भने-'म मेरो मण्डली बनाउछु ।' सन् ५९ तिर र त्यसपश्चात प्रेरितहरुले भने 'तिमीहरु परमेश्वरका भवन हौं', 'अध्यात्मिक भवन निर्माण भएको छ । ' त्यसैले मण्डलीको निर्माण माथि उल्लेखित दुई मितिका बीचमा भएको हो । यो कुरा सत्य हो कि मण्डलीको शुरुवात , यहुदी फसल उत्सवभन्दा अघि,बप्तिस्मा दिने यूहन्ना,येशु र उनका प्रेरितहरुको परिश्रम स्वरुप भएको हो । त्यसपछि धेरैले विश्वासका साथ परमेश्वरको राज्यभित्र प्रवेश गरे र त्यो प्रवेशसँगै मण्डलीका निम्ति सरसामान पनि जुटाए । तर १ कोरिन्थी १२:६ , ११-१३, १८, २४ का अनुसार पवित्र आत्माको आगमन समयको त्यो अवधिमा मात्र भयो, जुनबेला मण्डली व्यवस्थितरुपमा निर्माण भइसकेको थियो ।

एफीसी १:२३ मा मण्डलीलाई यसरी परिभाषित गरिएको छ-'जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो । र उहाँले नै सबैथोक परिपुर्ण पार्नुहुन्छ ।' एउटा समुचित मण्डलीको त्यसबेलासम्म प्रचलन हुनसकेन, जबसम्म खीष्टको परिपुर्णता छाएन, जुन यहुदी फसल उत्सवका दिन मात्र सम्भव भयो । त्यसपछि मण्डलीले पूर्ण विकास पायो, जुन 'सुहाउँदो तवरले मिलेको र कसिएको' हुन्थ्यो । त्यो समय प्रभुको मण्डलीको स्थापनाको कालखण्ड भएकाले के विश्वास गरिन्थ्यो भने प्रत्येक धार्मिक अङ्ग, जो विद्यमान थिए, ती प्रभुको मण्डली नभई बरु विना मौसम जन्मिएका भ्रमका पुत्री थिए । यसले रोमानियन् र सम्पुर्ण प्रोटेस्ट्यान्टलाई जनाउँछ ।

## अध्याय- चार
## यसको सूत्रपात कसले गऱ्यो ?

यसकारण, सर्वोच्च परमप्रभु भन्नुहुन्छ-'हेर, मैले सियोनमा एउटा ढुङ्गा बसालेको छु, एउटा परीक्षित ढुङ्गा, दर्बिलो जगको निम्ति एउटा बहुमुल्य कुने-ढुङ्गा । भरोसा गर्नेले कहिल्यै हरेस खानेछैन ।'(यशैया २८:१६)
'किनकि, परमप्रभु बाहेक अरु को परमेश्वर छ र ? हाम्रा परमेश्वर बाहेक अरु चट्टान को छ र ?' (भजनसङ्ग्रह-१८:३१) ।

किनकी जुन जग बसाली सकिएको छ , जो येशू खीष्ट हुनुहुन्छ , त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन । १ कोरन्थी ३: ११

'त्यो घराना प्रेरितहरु (क्रिस्तान सिद्धहरु) र अगमवक्ताहरु ( भविष्यकथकहरु) को जगमाथि बसालेर निर्माण भएको छ र खीष्ट येशु आफैं चाहिँ मुख्य आधारस्तम्भ( कुने-ढुङ्गा) हुनुहुन्छ । उहाँमा पुरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बन्दैजान्छ ।'(एफीसी २:२०,२१)

यो अन्तिम विवरणमा हामी देख्छौं कि क्रिस्तान सिद्धहरु(प्रेरितहरु) मण्डलीको आधारशीला थिए । तर मत्ती १६:१८ मा पत्रुसलाई भनिएझैं 'चट्टान' शब्द प्रयोग गरियो भने, त्यस्तो प्रयोगमा केही नभई मात्र शास्त्रहरुमा द्वन्द्व उत्पन्न हुन्छ । सबै प्रेरितहरु स्थापक भएका कारण, पत्रुस पनि अवश्य उनीहरुमध्ये एक हो । उहाँले पत्रुसलाई यहा एक्लो पार्नु भएन । किनभने, ऊसँग पनि विश्राम माथिको सर्वोच्चता थियो तर प्रभुसँग वार्तालाप गर्ने क्रममा दृढ प्रतिज्ञाका साथ उसको नाम सिफस-एउटा चट्टान-करार हुन्छ । बाह्रै प्रेरितहरु मण्डलीका निर्माणकर्ता थिए भन्ने प्रमाणका निम्ति हामी प्रकाश २१:१४ हेर्नसक्छौं ।

तथापि, खीष्ट नै मण्डलीका सर्वश्रेष्ठ स्थापक हुनुहुन्छ । प्रेरितहरु प्रथम नियुक्ति पाएका र हामीलाई नयाँ करार प्रदान गर्न प्रोत्साहित भएका कारण ऊनीहरु त्यो आधारशीला थिए, जसले खीष्ट, चट्टान र अरु धारणाहरुवीच संयोजित अवस्था निर्माण गर्दथ्यो । त्यसकारण खीष्ट मात्र एक्लो चट्टान हुनुहुन्छ । अरु आधारशीला कुनै मानवले विसाउन सक्दैन । एउटा जगमाथि एउटा मात्रै संरचना खडा हुनसक्छ । खीष्टले आफ्नो मण्डली आफैं निर्माण गरे । सम्पूर्ण पछिल्ला संगठनहरु खीष्टको जगबाट बञ्चित छन् र त्यस्ता संगठनहरु नाश हुनैपर्छ ।

## अध्याय-पाँच
## मण्डलीको प्रमुख को हो ?

'र, परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो अनि मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शीर बनाइदिनुभयो' (एफीसी १:२२) ।
।

'बरु प्रेमसित सत्य बोल्उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीकठीक काम गरी सुगठित हुनेछ र प्रेममा बृद्धि हुदै जानेछ ।'(एफीसी ४:१५,१६)

'किनकि, पति पत्नीको शीर हो, जसरी ख्रीष्ट मण्डलीको शीर हुनुहुन्छ , जुन मण्डली उहाँको शरीर हो र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ । जसरी मण्डली ख्रीष्टको अधीनमा छ ,त्यसरी नै पत्नीहरु पनि हरेक कुरामा पतिहरुका अधीनमा रहुन् ।'(एफीसी ५:२३,२४)

'उहाँ शरीर, अर्थात् मण्डलीका शीर हुनुहुन्छ, उहाँ नै शुरु हनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च हुनुहोस् ।'(कलस्सी १:१८)

'आफ्नै शरीरलाई सास्ती दिने कुरामा जिद्दी गरेर, स्वर्ग दुतलाई पुज्न लाएर, आफ्नो दर्शनमा अडिएर, आफ्नो अभिलाषी मनले कारणविनाको घमण्डले फुलेर कसैले तिमीहरुलाई इनाम गुमाउने नतुल्याओस् । यस्ताहरुले ख्रीष्ट अर्थात् शीरलाई समातिराख्दैनन्, जसबाट पोषण पाई जोर्नी र ग्रन्थीहरुद्वारा एकसाथ गाँसिएर सारा शरीर परमेश्वरले दिनुभएको बृद्धि अनुसार बढ्दै जान्छ ।' (कलस्सी )२:१८,१९)

कुनै पनि व्यवस्थाको प्रमुख त्यसको कानुन निर्माता हुन्छ । 'किनभने परमप्रभु हाम्रा न्यायाधीश हुनुहुन्छ । परमप्रभु हामीलाई व्यवस्था दिने हुनुहुन्छ । परमप्रभु हाम्रा राजा हुनुहुन्छ । उहाँले नै हामीलाई बनाउनु हुनेछ ।'(यशैया ३३:२२)

'व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ, जसले बचाउन र नाश गर्न पनि सक्नुहुन्छ ।' (याकुब ४:१२)

सम्पुर्ण जीवतत्व, जसले आफ्नो कानुन, सम्प्रदाय, अनुशासन र सहयोगको प्रणाली बनाउछन्, उनीहरुले मण्डलीको शीर, जो ख्रीष्ट हुनुहुन्छ, उहाँलाई अगाल्न सक्दैनन् । ऊनीहरुको कानुन निर्माण गर्ने धर्मसभा र साधारण सभाले दिव्य न्यायकर्तालाई बेवास्ता गर्दछ, ख्रीष्टको ठाउँ हत्याउँछ र परमेश्वरको साटोमा बस्छ , यिनीहरु ख्रीष्टको मण्डलीमा रहँदैनन्, जबकि मण्डली परमेश्वरको घराना हो ।

पुनः त्यहाँ एउटा मात्र शीर छ । त्यसकारण त्यहाँ एउटा मात्र शरीर हुनसक्छ ।

## अध्याय-छ
## मण्डलीको ढोका के हो ?

त्यसकारण, येशुले फेरि तिनीहरुलाई भन्नुभयो-'सोच्चै, म तिमीहरुलाई भन्दछु-भेडाहरुको ढोका मै हु । ....हो, ढोका म नै हँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यसलाई बचाइने छ, त्यो भित्र-बाहिर आउने-जाने गर्नेछ र खर्कमा चर्न पाउने छ ।'(यँहन्ना १०:७,९)

'मलाई तिम्रा कामहरु थाहा छ । हेर, मैले तिम्रो सामुन्ने ढोका खुला राखिदिएको छु, जो कसैले थुन्न सक्दैन । तिमीसँग थोरै शक्ति छ भन्ने मलाई थाहा छ, तापनि तिमीले मेरो वचन पालन गरेका छौ र मेरो नाउँ इन्कार गरेका छैनौ ।' (प्रकाश ३:८)

'किनकि, उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं ।' (एफीसी २:१८)

यी ग्रन्थहरुमा स्पष्ट देखिन्छ कि ख्रीष्ट नै मण्डलीका ढोका हुन् ।

ख्रीष्ट नै मुक्ति र उद्धारका ढोका हुन् र यो त्यस्तो ढोका हो जुन हरबखत खुल्ला रहन्छ र कुनै मानिसले बन्द गर्न सक्दैन । ख्रीष्ट कुनै सम्प्रदायका ढोका होइनन् । त्यसकारण, कुनै सम्प्रदाय प्रभुको घराना हुनै सक्दैन । मुक्तिको अनुभव कुनै सम्प्रदायको सदस्यले भोग्न पाउँदैन । त्यसकारण उनीहरु प्रभुको घरानाभित्र पर्दैनन् । सबै सम्प्रदायका ढोकाहरु हुन्छन्, जुन आआफ्ना सदस्यहरुलाई स्वीकृत गर्ने एउटा प्रकिया हो र ती ढोकाहरु खुल्ला हुन्छन् अनि मानिसबाटै बन्द पनि हुन्छन् ,जुन प्रभुको घराना भन्दाभिन्न छ किनकि प्रभुको ढोका कुनै मानिसबाट खोल्न र बन्द गर्न सकिँदैन । त्यसकारण, ती प्रभुको मण्डली होइनन् ।

## अध्याय-सात
## मण्डलीभित्र सदस्यता कसले दिन्छ ?

'तिनीहरु एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे,घरघरमा रोटी भाँच्थे र तिनीहरु खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे अनि परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसबाट शुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो ।'(प्रेरित २:४६,४७)

'तर परमेश्वरले आफ्नो इच्छा बमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनु भएको छ ।'(१ कोरिन्थी १२:१८ ।

किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं-यहँदी वा ग्रीक कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो ।'(१ कोरिन्थी १२:१३)

यहाँ, शरीरमा हरेक अङ्ग मिलाएर राखिनु र मण्डलीमा थपिनुलाई प्रभु, ख्रीष्ट र आत्मा भनेर बुझिएको छ । साँच्चै नै, यी तीन एक हुन् -त्रिएक परमेश्वर ।

तर परमेश्वरले मानिसलाई कहिल्यै पनि सम्प्रदायका रुपमा स्वीकार्नु हुँदैन । त्यसैले कुनै सम्प्रदाय पनि उहाँको मण्डली होइन ।

## अध्याय-आठ
## मण्डलीको सदस्य को हुन् ?

केहीगरी हामीलाई थाहा भएझैं मुक्ति मण्डली, मण्डलीभित्र प्रवेश गर्ने एउटा प्रकिया हो भने, यसले के जनाउँदछ भने मुक्ति प्राप्त नगर्नेहरु कोही पनि मण्डलीका सदस्य हुदैनन् । मण्डली एउटै छ जहाँ -'पिताद्वारा स्वर्ग र पृथ्वीमा भएका हरेक परिवारको नाम राखिएको छ ।'(एफीसी ३:१५) यो परिवारका 'सबै परमेश्वरको परिवारका सदस्य भएका छन् ।'(एफीसी २:१९) यसले के देखाउँछ भने आत्माबाट जन्मिएका परमेश्वरका पुत्रहरुमात्र मण्डलीमा रहन्छन् । हामीलाई थाहा भएझैं 'जसले पाप गर्छ त्यो शैतानको हो' र 'परमेश्वरबाट जन्मिएको कसैले पनि पाप गरिरहनु हुदैन','परमेश्वरको सन्तान को हो र शैतानको सन्तान को हो, त्यसैबाट स्पष्ट हुन्छ । '(१ यहुन्ना ३:८-१०) किनकि शैतानको सन्तानले पाप गर्दछ र परमेश्वरको सन्तान पापाबाट मुक्त रहन्छ । पवित्र प्रेरितहरुले यही कुरा माथि जोड दिन्छन् 'परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहुदैन, तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ र दुष्टले त्यसलाई छुदैन ।'(१ यहुन्ना ५:१८) ।

तर सबै सम्प्रदाय धेरैथोरै मात्रामा पापीहरुले भरिएको हुन्छ । त्यसकारण कुनै सम्प्रदाय प्रभुको घराना होइन ।

## अध्याय-नौ
## कसले मण्डलीलाई सङ्गठित गर्छ ?

'सङ्गठन गर्नु' भन्ने शब्द ग्रन्थमा छैन । शब्दकोशमा यसको परिभाषा यस्तो छ : 'अङ्गहरु उपलब्ध गराउनु, खण्ड मिलाउनु, श्रेणीगत रचना गर्नु ।'

प्रभुको मण्डली अङ्गहरुले सजिएको हुन्छ, खण्डगत विभाजन गरिएको हुन्छ श्रेणीगत रचना गरिएको हुन्छ । त्यसकारण, मण्डली एउटा जैविक संरचना हो । तर यसको संगठन के हो ? कसले यसलाई अङ्गहरुबाट सजाउछ ? उत्तर : 'कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्मानुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरु दिइएका छन्, कसैलाई आश्चर्यका कामहरु गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरु छुट्याउन सक्ने , कसैलाई भिन्नभिन्न किसिमका भाषाहरु बोल्ने, कसैलाई चाहिँ ती भाषाहरुको अर्थ खोलिदिने । तर यी सबै उनै एक पवित्र आत्माका कामहरु हुन् । उहाँले हरेकलाई उहाँको इच्छानुसार वरदान दिनुहुन्छ ।'१ कोरिन्थी १२:८-११

'तिमीहरु खीष्टका शरीर हौ र हरेक त्यसका अङ्गहरु हौ । परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरु, दोश्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु, तब आश्चर्य काम गर्नेहरु र निको पार्ने वरदान पाएकाहरु,सहायता गर्नेहरु, प्रशासन गर्नेहरु, विभिन्न भाषा बोल्नेहरु नियुक्त गर्नुभएको छ ।'(श्लोक २७,२८)

'तपाईंहरु आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान र हनुहोस् । पवित्र आत्माले तपाईंहरुलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नु भएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरु गनुहोस् ।'(प्रेरित २०:२८)

'कुनै पनि कुरा हामीबाट आएको हो भनी दावी गर्न हामी आफैं योग्या छैनौं तर हाम्रो योग्यता परमेश्वरबाट आउँछ । नयाँ करारका सेवकहरु हुन उहँले हामीलाई योग्यका बनाउनुभयो, लिखित अक्षरमा होइन तर पवित्र आत्मामा । किनभने लिखित अक्षरले त मार्छ तर पवित्र आत्माले जीवन दिनुहुन्छ ।' (२ कोरिन्थी ३:५,६)

'उहाँ जो ओर्लिनुभयो, उहाँ नै सारा स्वर्गभन्दा धेरै माथि चढिजानुभयो, यस हेतँले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सक्नुहोस् । अनि उहाँका वरदानहरु चाहिँ यी नै थिए कि, कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून् कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरुसुसज्जित होउन्, जबसम्म हामी सबैले विश्वासको र पर मेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं र परिपक्व मानिस बनी खीष्टका पूर्णताको नापसम्म पुग्दैनौं ।'(एफीसी ४:१०-१३)

यी तथ्यहरु पर्याप्त छन् यो पुष्टि गर्न कि प्रभुले आफ्नो मण्डलीको सजावट ती सबै अङ्गहरुबाट गर्नुभएको छ, खासगरी आत्माको आवश्यकीय उपहारहरु र अधिकारीहरु ।

ग्रन्थमा उल्लेखित यस्ता विवरणले 'सङ्गठन गर्नु'का बारेमा पहिले चर्चा गरिएका दुई परिभाषाहरुलाई समेट्छ । तर श्रेणीगत रचना कसरी हुन्छ ? 'तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ । प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरुलाई त्यस्तो हिफाजत चाहिँदैन । तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरुलाई बढी आदर प्रदान गर्नुभएको छ, ताकि शरीरमा बेमेल नहोस् तर अङ्गहरु एउटाले अर्काको निम्ति समान वास्ता राखुन् ।'(१ कोरिन्थी १२:१८,२४,२५)

अन्य ग्रन्थहरुले खीष्टको शरीरको समन्वय प्रभुको हात र आत्माको सहायताले प्रस्तुत गरेका छन् । तर माथि भनिएका कुराहरु नै पर्याप्त छन् । यद्यपि, अर्को कुरा हामी उल्लेख गर्दछौं, त्यो हो बुद्धीद्वारा आफ्नो हात राखेर बुद्धीको नियुक्ति गर्ने कुरा र आदि इत्यादि । यसले मण्डलीको संगठनात्मक पक्षलाई संकेत गर्दछ, जुन हामी स्वतन्त्र रुपले स्वीकार्छौं । तर यसलाई कहिल्यै पनि मण्डलीको संगठन गर्ने प्रक्रिया भनिदैन । प्रभुले नियुक्ति गर्दा आवश्यकीय योग्यताका आधारमा चयन गर्नुहुन्छ र गिर्जाहरुले नियुक्ति गर्दा भने ईश्वरीय बोलाहटको पहिचान र त्यसमाथिको समर्पण हुन्छ । यो व्यवस्था स्पष्टरुपमा प्रेरित १३:१-४ मा भेटिन्छ ।

प्रभुत्वमाथिको उत्तराधिकारको हस्तान्तरण स्वर्गदतहरुको प्रक्रियाबाट हुन्छ भन्ने कुरा अन्धविश्वासी भ्रम हो, एउटा कल्पित प्रभाव मात्र हो । उनीहरु, जसलाई प्रभुले उद्धार गर्नुहुन्छ, बप्तिस्मा दिन हुन्छ, र जसले पवित्र आत्माबाट आज्ञा पाएका छन्, उनीहरुसँग मात्र प्रभुबाट संस्थागत भएको स्वर्व तहरुको प्रभुत्व हुन्छ र जुन प्रत्यक्ष रुपमा स्वर्गबाट आउँछ नकि कुनै कल्पित पुर्खाहरुको वंशबाट ।

अधिकारीहरुको निर्वाचन बेबिलोन परम्परामा मात्र पाइन्छ, जहाँ प्रभुको सर्वव्यापी उपस्थिति र क्रियाशीलता , 'आफैं आत्मा'भन्ने धारणाले नकार्छ र प्रभुको इच्छा अनुसार हरेक व्यक्तिमा त्यसको भागवण्डा विभिन्न तरिकाले गरिएको हुन्छ ।

त्यसकारण, मण्डलीलाई प्रभुले संगठित गर्नुभएको छ, जसले आफ्ना सदस्यहरुलाई योग्यता अनुसार चुनेर शरीरमा राख्नुहुन्छ र ती सदस्यहरुलाई आफ्नो समझले उपहारहरु र कामहरु बाढ्नु हुन्छ । मानिसले आफ्नो मानव सम्झौतालाई संगठन गर्न सक्ला, तर खीष्टको दिव्य शरीरलाई सक्दैन, जुन मण्डली हो । त्यसकारण प्रभुले भन्नुभयो-'मजस्तो को छ र ? त्यसले त्यो घोषणा गरोस् । त्यसले बताओस् र मेरो अगि राखोस्, मेरा प्राचीन प्रजालाई स्थापित गरेको देखि यस्तो के भएको छ ? अझ जे हुन आउँछ त्यसले हामीलाई अघिबाटै बताओस् ।'(यशैया ४४:७)

यो कुरा स्पष्ट छ-प्रभु आफैंले शरीरको फरकफरक ठाउँका निम्ति 'प्राचीन व्यक्तिहरु चुन्नुभयो' र जो हाल आएर आफुले आफैंलाई सर्वशक्तिमानको अधिकारी ठानिरहेका छन् । 'हरेक मानिस बुद्धिहीन र ज्ञानरहित छ । हरेक सुनार त्यसका मुर्तिहरुद्वारा नै लाजमा पर्छ । त्यसका प्रतिमाहरु झुटा छन्, तिनमा सास हुदैन । ती व्यर्थका हुन्, ठट्टाका पात्र मात्र । तिनीहरुको न्याय हुदा ती निष्ट हुनेछन् । उहाँ जो याकु बका हिस्सा हुनुहुन्छ, यीजस्ता हुनुहुन्न, किनकि उहान आफ्नो निज उत्तराधिकारको कुलसमेत सारा थोकहरु बनाउने हुनुहुन्छ । सर्वशक्तिमान परमप्रभु उहाँको नाउँ हो ।'(यर्मिया ५१:१७-१९)

सम्प्रदायका संस्थापकहरु लज्जित हुनुका कारण उनीहरुको संरचनामा सास हुदैन, जीवन हुदैन । भन्न त उनीहरु त्यसलाई मण्डली भनेर सम्बोधन गर्छन् तर यो झुट हो, त्रुटी हो । तर प्रभुको वास्तविक मण्डली सबै चीजहरुभन्दा अघिल्लो हो, प्राचीन मण्डली प्रभुले आफ्नो रगतबाट स्थापना गर्नुभयो, जुन प्रथम स्वधर्मन्यसी सम्प्रदाय झुल्किनुभन्दा पनि अघि हो ।

प्रभुले घरलाई पनि त्यसरी नै निर्माण गर्नुहुन्छ । तर अरु मानिसहरुले त्यस घरलाई चार कुनामा विभाजित गर्दछन्, मुख्य जगलाई भताभुङ्ग पार्दछन् र त्यस्ता क्रियाकलापले घरलाई अव्यवस्थित बनाउँछ र ध्वस्त पार्दछ । तर केहीगरी विभिन्न सम्प्रदायका चारजना धर्मउपदेश दिनेहरुले समान सदस्यहरुसहित छुट्टाछुट्टै फुटपार्ने संगठन बनाए भने उनीहरुले निर्लज्जतासाथ सम्मेलनमा के प्रतिवेदन देलान् भने, उनीहरुले एकसय सदस्यको मण्डली खडा गरेका छन् । तर यथार्थ के हो भने उनीहरुले पार्टीहरुझैं घरानाभित्र फुटलाई प्रवेश दिइरहेछन् जसले साँचो अर्थमा मण्डलीलाई अव्यवस्थित र ध्वस्त बनाउँछ । त्यसकारण, हामी के देख्छौं भने सम्प्रदाय निर्माण गर्ने क्रममा मानिसहरुले मण्डलीलाई भताभुङ्ग पारिरहेका छन्, जुन प्रभुको निर्माण हो । तर मानिसद्वारा निर्मित मण्डली भनिएका निर्माणहरुले प्रभुको विश्वसनीयता गुमाएका हुन्छन् र त्यो उहाँको मण्डली नभई अधर्मी गुटको विभाजन हो ।

## अध्याय-दस
## प्रभुका मण्डली कति छन् ?

दिव्य मण्डलीका बारेमा, सम्पुर्ण वर्णले त्यसको एकरुपतालाई जनाउँछ । 'मेरा अरु भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरुलाई पनि मैले ल्याउनु परेको छ र तिनीहरुले मेरो स्वर सुन्नेछन् र तिनीहरु एउटै बगाल हुनेछन् र एउटै गोठालो हुनेछ ।'(यूहन्ना १०:१६)

हामीलाई थाहा भएझैं ख्रीष्ट 'शरीरको शीर हुनुहुन्छ, जुन मण्डली हो ।' त्यसकारण, जहाँ एउटा शीर हुन्छ, त्यहाँ एउटा मात्र शरीर हुनसक्छ ।

'किनकि, जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन् तर सवै अङ्गहरुको एउटै काम हुदैन, त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं र प्रत्येक एकअर्काका अङ्ग हौं ।'(रोमी १२:४-५)

'किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरु हुन्छन् र शरीरका सम्पुर्ण अङ्गहरु धेरै भए तापनि शरीर चाहि एउटै हुन्छ । ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ । किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बाप्तिस्मा पाएका छौं-यहुदी वा ग्रीक, कमारो वा फुक्का, हामी सवैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो । तर अङ्गहरु धेरै छन्, तापनि शरीर चाहिँ एउटै ।'(१ कोरिन्थी १२:१२,१३,२०)

'किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ । उहाँले हामी दुवैलाई एउटै बनाउनु भएको छ र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ । साथै, उहाँले व्यवस्थालाई , त्यसका आज्ञाहरु र धार्मिक विधानहरुसमैत आफ्नै शरीरमा खारिज गर्नु भएको छ कि यी दुईका सट्टामा उहाँलेआफैंमा एउटा नयाँ मानिस सृष्टि गर्नुहोस् र यसरी शान्ति स्थापना होस् । अनि उहाँले क्रसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वर सँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो ।'( एफीसी २:१४-१६)

'शरीर एउटै छ र पवित्र आत्मा एउटै हुनुहुन्छ -जसरी तिमीहरु बोलाईदा,एउटै आशामा बोलाइएका थियौ, जुन आशा, तिमीहरुको बोलावट सँग गाभिएको छ-एउटै प्रभु, एउटै विश्वास र एउटै बाप्तिस्मा हामी सबैका एउटै पर मेश्वर र पिता, जो सवैमाथि, सवैका मध्य र सवैमा हुनुहुन्छ ।'(एफीसी ४:४-६)

'ख्रीष्टको शान्तिले तिमीहरुका हृदयमा राज्य गरोस् । साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौं । तिमीहरु, धन्यवादी होऔं ।'(कलस्सी ३:१५)

यस्ता धर्मशास्त्रमा लिखित बथानहरुले सकारात्मकरुपमा यथार्थमा एकमात्र परमेश्वर रहेको र त्यसकारण एकमात्र वास्तविक सुचारु रहन्छ जस्तो कि एउटी पत्नीको आफ्नो पतिसँग छ ।

'म तँलाई सधैंको निम्ति मेरी स्वास्नी तुल्याउनेछु । म धार्मिकता र न्यायमा दृढ प्रेम र माया गरेर तँलाई स्वास्नी तुल्याउने छु । म तँलाई इमानदारीमा मेरी स्वास्नी तुल्याउने र छु तैंले परमप्रभुलाई चिन्नेछस् ।'(होशे २:१९,२०)

'यसरी मेरा भाइ हो, तिमीहरु पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लेखी मरेका छौ, ताकि तिमीहरु अर्को मानिस अर्थात मृत्युबाट जीवित हुनुभएका ख्रीष्टसँग एक होऊ, र हामी परमेश्रको निम्ति फल फलाऔं ।(रोमी ७:४) ।

'ईश्वरीय डाहले म तिमीहरुप्रति डाही भएको छु । एउटै पतिकी पवित्र दुलहीको रुपमा तिमीहरुलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरुको मगनी गरिदिएँ ।' (२ कोरिन्थी ११: २) ।'ऊसँग यदि उसको पत्नी छ भने ऊ ऊनको दुलाहा हो ।' युहन्ना ३:२९

"किनकी तरा सृष्टि कर्ता तेरा पति हुनुहुन्छ। वहाको नाम सर्वशक्तिमान परमंप्रभु हो । इजरायलका परम् पवित्र तेरा उदारक हुनुहुन्छ । वहा सारा पृथ्वीका परमेश्वर कहलाईनु हुन्छ" । यशैया ५४: ५

प्रभुको विचार एकभन्दा वढी मण्डली हुनुको अर्थ बाइबलप्रतिको परस्पर भावना हो र प्रभुको पुत्र माथि एउटा कलङ्क हो ।

जस द्धारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउ राखिएको छ । एपिसी ३:१५

'यसरी अब तिमीहरु विदेशी र प्रवासी होइनौ । तर सन्तहरुसँग तिमीहरु सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौ ।'(एफीसी २:१९)

यस्ता धार्मिक ग्रन्थमा गरिएका उल्लेखहरुबाट के देखिन्छ भने मण्डली प्रभुको परिवार हो, प्रभुको घराना हो । जसरी एउटा मानिसको एउटा मात्र परिवार हुन सक्दछ, प्रभुको पनि एउटा मात्र मण्डली रहेको छ । धेरै पत्नीहरु राख्नु र अलगअलग विरोधी परिवारहरु हुनु प्रभुको पवित्रतामाथि एउटा उग्र चिन्तन हो र त्यस्ता 'नग्न र निर्वस्त्र' चरित्रलाई पादरी फोस्टरले आधुनिक सम्प्रदायसुग जोडेका छन् । त्यसकारण मण्डलीको बहुसंख्याकोरुपलाई झुटो तवरले मण्डली भनेर बुझिएको छ, जुन प्रभुको मण्डली होइन ।

## अध्याय-एघार
## तर के बाइबलले एकभन्दा बढी मण्डलीको बारेमा कुरा गर्छ ?

'मण्डली' भन्ने शब्द वहुवचनमा वहुसंख्याको रुपमा प्रयोग भएको पाइन्छ तर धार्मिक सम्प्रदायहरुको अर्थमा होइन । जब एकभन्दा बढी मण्डलीका बारेमा बुझिन्छ, त्यो जीबित गर्ने प्रभुको एकमात्र मण्डली हो र तिनीहरु भिन्नभिन्न स्थानमा अवस्थित छन् ।

'.....तिनीहरु लुस्त्रा,आइकोनियम र एन्टिओखियामा फर्के,जब तिनीहरुले उनीहरुको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे ।'(प्रेरित १४:२१,२३)

'मण्डलीहरुलाई बलिया गराउदै तिनी सिरिया लिकियाको बाटो लागे ।'( प्रेरित १५:४१)

'तिनीहरुले मेरो निम्ति आफ्नो जीवन सङ्कटमा हाले । तिनीहरुलाई मैले मात्र होइन, तर अन्यजातिका मण्डलीहरु जम्मैले पनि धन्यवाद दिन्छन् ।'(रोमी १६:४)

'....मैले सबै ठाउँमा सारा मण्डलीमा सिकाए बमोजिम'(१ कोरिन्थी ४:१७) म सबै मण्डलीमा नियुक्त गर्दछु । १ कोरन्थी ७:१७

'....गलातियाका मण्डलीहरुलाई मैले दिएको आदेश अनुसार तिमीहरुले गर्नु' (१ कोरिन्थी १६:१)'एशियाका मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन् ।' (१ कोरिन्थी १६:१९)

'सबै मण्डलीका बीच ।'(२ कोरिन्थी ८:१८)

त्यसकारण, जब मण्डलीका बारेमा चर्चा हुन्छ, तिमीहरुले अपरिवर्तनीय रुपमा विभिन्न ठाउँमा अथवा एकभन्दा बढी देशमा रहेका प्रभुको एउटै मण्डलीलाई संकेत गर्दछन् । तर यसको मतलव एउटा स्थानमा एकभन्दा बढी मण्डली हुन नसक्ने भन्ने चाहिँ होइन । विभिन्न भौगोलिक क्षेत्रहरुमा रहेका मण्डलीका बारेमा प्रेरित भन्दछन्-'म सबै मण्डलीमा नियुक्ति गर्दछु । जसरी मैले गलातियाका मण्डलीहरुलाई आदेश दिएको छु, त्यसरी नै कोरिन्थीहरुलाई पनि दिन्छु ।' यो स्पष्ट छ कि यदि नयाँ करारमा आधारित मण्डलीहरु भिन्न सम्प्रदाय हुन् भने -जस्तो हामी आजकल देख्दछौं) एउटा पादरीले सबै मण्डलीलाई कसरी आज्ञा दिनसक्छ । एम.ई.सम्प्रदायका सिम्पसन पादरीले यु.वी, लुथेरान, प्रेसवाइटेरियन तथा अन्य सम्प्रदायहरुमाथि आदेश जाहेर गर्न सक्दैन । तिनीहरुमाथि उनको अधिकार हुँदैन । त्यसकारण हामी बाइबलका मण्डलीहरु र सम्प्रदाय विभाजनबीच ठूलो भिन्नता देख्न सक्दछौं । अघिल्लाहरु खीष्टमा गई एक हुन्छन्, पछिल्लाहरु स्वतन्त्र र भिन्न गुणका छन् । एउटै शहरभित्र भिन्नभिन्न सम्प्रदायहरु अवस्थित छन् तर प्रभुको एकस्थानमा एकमात्र मण्डली हुन्छ । हामी देख्नसक्छौं:'.......एन्टिओखियाको मण्डलीमा'(प्रेरित १३:१), '......कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई ......',(१कोरिन्थी १:२), '.....थेसलोनिकीहरुको मण्डलीलाई .....'(थेसलोनिकी १:१) । 'तिमी जे देख्दछौ, सो पुस्तकमा लेख र सातैवटा मण्डलीलाई पठाऊ अर्थात् एफिसस्, स्मुनी, पर्गामम, थिआटिआ, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई ।'(प्रकाश १:११) । त्यसैले हामी के देख्छौं भने त्यहाँ एउटा शहरमा एउटा मात्र मण्डली थियो । विशाल क्षेत्र नभएको शहरमा पनि यी सात सम्प्रदायहरुलाई सम्वोधन गर्न सकिन्छ । तर जब एशियाको सातैवटा मण्डलीमा सन्देश पठाइन्थ्यो, ती सातवटै भिन्नभिन्न शहरलाई सम्बोधन गनु जरुरी हुन्थ्यो । प्रभुबाट उद्धार गरिएका कुनै पनि ठाउँ, जुन ठाउँमाथि प्रभुको मण्डलीलाई जनाउँछ । त्यसकारण, एउटै स्थानमा भिन्नभिन्न अङ्गहरुको अनेकतामा प्रभुको मण्डली रहँदैन, त्यहाँ त बरु भ्रमको स्थिति सिर्जना हुन्छ ।

## अध्याय-बाह्र
## के बाइबलले आस्था राख्नेहरुकाबीच एकता ल्याउँछ ?

'.....पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरुलाई सुरक्षित राख्नुहोस् र हामीजस्तै तिनीहरु पनि एक होऊन् ।

जबसम्म म तिमीहरुसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरुलाई सुरक्षित राखे.... ।'(यूहन्ना १७:११,१२)

'म यिनीहरुका निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरुका सन्देशहरुद्वारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्दछु,कि तिनीहरु सबै एक होऊन् । हे पिता, जसरी तपाइ म मा हुनुँहुन्छ, र म तपाँइमा , त्यसरी तिमीहरु पनि हामीमा होऊ, र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।.....अनि मलाई प्रेम गर्नु भएजस्तो तपाईले तिनीहरुलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् ।(युहन्ना १७:२०-२३)

'भाइ हो, हाम्रा प्रभु येशु ख्रीष्टको नाउँमा म तिमीहरुलाई आग्रह गर्दछु कि, तिमीहरु सबै एउटा अर्कासँग सहमत होओ, र तिमीहरुको माझमा केही फुट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होऔ ।'
(१ कोरिन्थी १:१०) ।
' ........तिमीहरु सबै एक होऔ प्रभुमा । गलाति ३: २८

'केवल तिमीहरुका जीवनको चाल ख्रीष्टका सु समाचारको योग्य होस् । म चाहे आएर तिमीहरुलाई देखु, चाहे अनुपस्थित रहु म तिमीहरुका बारेमा यही कुरा सुन्न चाहन्छु कि तिमीहरु एउटै आत्मामा दृढ बनी खडा भएका छौ र एउटै मनका भई सु समचारको विश्वासको निम्ति मिलेर परिश्रम गर्दछौं ।' (फिलिपी १:२७)

'तिमीहरु एउटै मनका भएर, एउटै प्रेम राखेर, पुर्ण सम्मतिसाथ एउटै चित्रका भएर मेरो आनन्द पुरा गर ।'(फिलिप्पी २:२) ।

'स्थिरता र उत्साहका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशु सँग एक भएर एउटा अर्कासाग एक चित्रका भई जिउन दिउन कि एकै मनका भएर एउटै सोर ले हाम्रा प्रभु येशु ख्रीष्टका परमेश्वर र पिताको महिमा तिमीहरु गर्न सक ।'
(रोम १५:५,६)

'विश्वास गर्नेहरुको समुह सबै एकै हृदय र एकै आत्माका भएका थिए' (प्रेरित ४:३२) ।

यहाँ प्रस्तुत गरिएका तथ्यहरु र अहिलेका सम्प्रदायको घनचक्कर र त्यसको अप्ठ्यारो चित्रका बीच गहिरो अन्तर कसैले पनि देख्न सक्दछ । के भिन्न सम्प्रदायका सदस्यहरुबीच एकअर्काप्रति उस्तै भावना छ ? हेनुस्, उनीहरु एकै मन र एकै विचारका छैनन्, उनीहरु न नाममा, धर्ममा, न शरीरमा नै एक छन्, उनीहरु एकै मनका, एकै आत्माका छन् , न नै एकै आस्थाका । उनीहरुसँग एउटा मात्र वचन छैन, न उनीहरु एउटै कुरा बोल्दछन् । उनीहरु बाइबलको मुक्ति बारेको धारणामाथि विरोध जनाउने कुरा बाहेक कहिल्यै पनि एक छैनन् । जसरी प्रभुले बाबेल निर्माणकर्तालाई आकुल पार्नु भयो र जब सबै बाढिए, र छुट्टाछुट्टै भाषा बोल्न थाले, त्यसकारण प्रभुले प्रकोपको बज्रपात रोम (रण्डीकी आमा ) माथि पठाइदिनु भयो सयौं विरोधी तत्वहरुलाई धच्धच्याउनु भयो, जहाँ प्रत्येक व्यक्ति आफ्नो धर्मको अनौठो भाषा बोल्छ ।

मानव शरीरसँग तुलना गरिएको मण्डलीले एकमात्र वचन बोल्न जरुरी छ, जसको मतलव सम्पुर्ण उपदेशहरुमा पुर्ण समन्वय हुन हो । यदि हामीलाई लाग्छ कि सम्प्रदायको बहुलयता नै मण्डली हो भने, मानवताको कुरुपताले त्यसलाई संकेत गर्नु पर्दछ, जहाँ सयौं बोलीहरु एकअर्काका बोलीहरुसँग मिल्दैनन् । ख्रीष्टको शरीरमा एउटा मात्र मुख छ, र त्यही कुरा मात्र प्रभु बोल्नु हुन्छ । त्यसकारण यो स्पष्ट छ कि सम्प्रदायका बारेमा रहेका वचन सम्वन्धी अस्तव्यस्तताले उनको शरीरलाई प्रतिनिधित्व गर्दैन र त्यो मण्डली होइन ।

# अध्याय-तेह्र
# एकताको आधार के हो ?

१.'.......किनभने ख्रीष्ट येशुमा तिमीहरु सबै एउटै हौ ।'(गलाती ३:२८) ।'त्यसरी नै हामी जो धेरैछौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं ....।' रोमी १२:५

माथि उल्लेख गरिएझैं ख्रीष्टको एउटै शरीर छ। यो कुरा अपरिहार्य छ कि ख्रीष्टमा विभिन्न सम्प्रदायहरु हुदैनन् । जसरी हामी ख्रीष्टमा एउटै हौं, प्रत्येक एकअर्काका अङ्ग हौं, तर ख्रीष्ट सम्प्रदायिक पापको भागी बन्नु हुन्छ ।

२. '.....पवित्र पिता तपाईले मलाई दिनुभएको तपाईको नाउँमा तिनीहरुलाई सुरक्षित राख्न होस्। हामीजस्तै तिनीहरु पनि एक होऊन्।'(यहुन्ना १७:११,१२)। यहाँ मण्डलीको नामाकरण 'प्रभुको वचनबाट'भएको थियो जुन कुरा यशैया ६२:२ मा भविष्यवाणी गरिएको थियो। एफिसी ३: १५ ग्रीक र अन्य भाषामा अनुदित ग्रन्थबाट दुरुस्त झिकेझैं :'जसबाट स्वर्ग र पृथ्वीको सम्पुर्ण परिवारको नामाकरण भएको छ।'

मण्डलीको नाउँ प्रभुको वचनबाट आएको हो र जुन प्रभुको पिताबाट उत्पत्ति भएको हो। प्रभुका दूतहरुले प्रभुको महिमाको कदर गरे र प्रभुको नाउँबाट मण्डलीको स्थापना गरे ।

'....उहाँले आफ्नै रगतले किन्नु भएको परमेश्वरका मण्डलीको हेरचाह तपाईहरु गन होस् प्रेरित २०: २८।'

'....कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई ' १ कोरिन्थी १:२,२ कोरिन्थी १:१ ।

'कसैलाई ठेस लाग्ने काम नगर, चाहे यहुदी होस वा ग्रीकलाई होस् वा परमेश्वरको मण्डलीलाई होसे ।' (१ कोरिन्थी १०:३२) ।

'.....के तिमीहरु परमेश्वरको मण्डलीलाई तुच्छ ठान्छौ ?'( १कोरिन्थी ११:२२)।

'...मैले परमेश्वरको मण्डलीलाई खेदो गरें ।' (१ कोरिन्थी १५:९) ।

'.....मैले परमेश्वरको मण्डलीलाई भयानक रुपले सताए र त्यसलाई नाश गर्न खोजे ।'(गलाती १:१३) ।

'किनकि भाइ हो, ख्रीष्ट येशुमा यहुदियामा भएका परमेश्वरका मण्डलीहरुको अनुकरण गर्ने तिमीहरु भयौ ....।' (१ थेसलोनिकी २:१४) ।

'....परमेश्वरका मण्डलीहरुका माझमा हामी ज्यादै गर्व गर्छौं ।' (२ थेसलोनिकी १:४) ।

'यदि कुनै मानिसले आफ्ना घरकाहरुलाई तह लगाउन जान्दैनन् भने तिनले परमेश्वरका मण्डलीको रेखदेख कसरी गर्न सक्छन् र ? (१ तिमोथी ३:५) ।

'तिमी कहाँ चाडै आउने आशा गरेको छु तर म यो तिमीलाई लेख्तछु ताकि कतै म ढिलाए भने पनि परमेश्वरको घराना जो जीवित परमेश्वरको मण्डली हो र सत्यको खामो र आड हो, त्यहाँ कसरी चल्नु पर्छ सो तिमीले जानिराख ।'(१ तिमोथी ३:१४,१५) ।

यहाँ प्रभुको मण्डलीलाई लिएर बाह्रवटा उदाहरणहरु प्रस्तुत गरिएको छ । यो उद्धारकको महिमा अनुरुप छ र यो एकमात्र सही पदवी हो। तर त्यहाँ एकमात्र मण्डली रहेका कारण नामको गुणात्मक पक्ष हरेक उदाहरणमा आवश्यक पर्दैन । त्यसकारण अनुकुलताका आधारमा मण्डलीलाई उनीहरु फरकफरक तवरले सम्बोधन गर्दछन् ।

हामी बाबेलको कराई सुन्दछौं-'नाउँमा केही पनि छैन' यो एउटा झुठो ठोकुवा हो ।

बाइबलमा माथि उल्लेख गरिएझैं प्रभुलाई मण्डलीको निर्माणकर्ता र मालिकका रुपमा आदर गरिएको छ । तर के त्यो पदवी प्रभुलाई आदर गर्न लायकको छ , जसले संकेत गर्दैन कि परमेश्वर, मानव अथवा शैतान कसले मण्डलीको स्थापना गरेको हो र त्यसको मालिक पनि हो ।

यो पनि हेक्का राख्नुजरुरी छ कि झुट्टा नामहरुसँग पनि प्रभुको परिवारलाई विभाजन र घनचक्करमा पार्नसक्ने पूग्दो क्षमता छ । त्यसकारण ख्रीष्टले पिताको महिमा गाउनु भयो ता कि उनीहरुलाई उहाँका नाउँमा जोड्न सकियोस् 'ता कि उनीहरु सवै हामीजस्तै एक होऊन् ।'त्यसकारण सम्पुर्ण व्यक्तिहरु जो उनीहरुलाई अरु नाउँसँग जोड्दछन् । तिनीहरु विभाजनको पापको हकदार छन् ।

३.'मैले तपाईको शब्द उनीहरु सामु पुर्‍याएको छु ' ख्रीष्टले हाम्रो सम्पुर्ण एकताका लागि गरेको प्रार्थनामा भने । कुनै अरु धर्म थुपारिनु अथवा अरु कुनै धर्ममा संलग्नता जनाउनु भनेको विभाजन निम्त्याउनु हो र यो पाप, प्रभुको र उहाँको शरीरको विरुद्धमा, मण्डलीको विरुद्धमा ।

भन्नका लागि त विश्व निर्माणका निम्ति संस्थागत विभाजन आवश्यक छन् तर प्रभुले प्रार्थना गर्नु भयो कि उहाँका सम्पुर्ण अनुयायीहरु एक हुन्, जसरी प्रभु र पिता हुनु हुन्छ र विश्वको पनि आस्था रहोस् ।

सम्प्रदायमा गाँसिएकालाई प्रभु भन्नुहुन्छ -'किनकि मैरा विचारहरु तिमीहरुका विचार होइनन् र तिमीहरुका चाल मेरा चाल होइनन् ।' यशैया ५५:८

## अध्याय-चौध
## एकताको बन्धन के हो ?

उत्तर :प्रेम । 'यी सबैभन्दा बढी बरु प्रेम धारण गर, जसले सबथोकलाई सम्पुर्ण एकतामा एकसाथ बाध्छ ।'(कलस्सी ३:१४)

'कि प्रेममा एकसाथ बाँधिएर तिनीहरुका हृदय प्रोत्साहित होऊन् र पक्का समझका परिपुर्णताको सम्पत्ति र परमेश्वरका रहस्यको ज्ञान, अर्थात ख्रीष्टलाई प्राप्त गरुन् ।'(कलस्सी २:२)

'कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कटले, अथवा दु:खले, वा खेदले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले, वा तरवारले?' यस्तो लेखिएको छ-

तपाईको खातिर हामी दिनभर मारिन्छौं , कहिले भेडाहरु जस्तै हामीहरु गनिएका छौं ।

'होइन यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरुभन्दा पनि अझ बढी छौं ।'

'किनकि, म यो पक्का गरी जान्दछु कि मृत्युले वा जीवनले, स्वर्गदुतहरुले वा प्राधानताहरुले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले वा शक्तिहरुले ।' 'उचाइले वा गहिराईले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले ख्रीष्ट येशु हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्दैनौं ।' रोमी ८: ३५-३९

# अध्याय-पन्ध
# कस्ता अनुभवहरुले हामीलाई एकतामा पुर्णता दिलाउँन् ?

उत्तर : सम्पुर्ण पवित्रता र श्रेष्ठता ।

एकताको निम्ति उहाँको प्रार्थनाको सम्वन्धमा , उद्धारकले पिताको प्रार्थना गर्नु भयो, जुन उनीहरुको अनुयायीको पवित्रताका निम्ति र ती सबैका निम्ति थियो, जसले वचनबद्ध भई उहामा आस्था राख्दछन् । र त्यसभित्र हामी पर्दछौं । 'जुन महिमा तपाईले मलाई दिनुभएको छ, मैले तिनीहरुलाई दिएको छु, ता कि हामी एक भएझैं तिनीहरु पनि एक होऊन् । म तिनीहरुमा , अनि तपाईममा र तिनीहरु पुर्णरुपले एक होऊन् ।' (युहन्ना १७:२२,२३) । शुद्धिकरण, श्रेष्ठता र प्रभुको महिमा यी सबै एउटै अनुभवसँग गाँसिएका छन् र त्यसले प्रभुका पुत्रहरुलाई एक बनाउँछ । 'किनकि पवित्र तुल्याउनु हुने र पवित्र तुल्याइएकाहरु पनि सबै एउटै परिवारका हुन् । त्यसैकारण तिनीहरुलाई भाइ भन्नमा येशु शर्माउनु हुन्न ।'(हिब्रु २:११)

'अनि उहाँका वरदानहरु चाहिँ यिनै थिए कि कोही प्रेरितहरु , कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनुन्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं र परिपक्व मानिस बनी ख्रीष्टका पुर्णताको नापसम्म पुग्दैनौं ।'(एफीसी ४:११-१३)

'तिमीहरु जान्दछौ कि आफ्ना पितापुर्खाबाट आएका व्यर्थका कुराहरुदेखि , सुन वा चाँदीजस्ता नाश हुने थोकहरुद्वारा दाम तिरी तिमीहरु छुट्याइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ ।'(१ पत्रुस १:१८,१९)

प्रभुको मुक्तिले हामीलाई स्वर्गका लागि चुँन्दछ र पृथ्वीमा एकता ल्याउँछ । विभाजनको धर्मले आत्मालाई ठग्दछ । प्रभुका गिर्जाहरुको प्रमुख कर्तव्य भनेको सन्तहरुलाई श्रेष्ठता प्रदान गर्नु हो । प्रभुको रगतले 'सम्पुर्ण पाप' र 'सम्पुर्ण अनैतिकता'बाट पवित्रमात्र नपारी सबै विराट सिद्धान्तहरुलाई बढारिदिन्छ । हामीलाई सुखचैन प्रदान गर्नेले सम्पुर्ण सत्यतर्फ डोऱ्याउँछ, जसको मतलव सबै गल्तीहरु पन्छिन हो । यो सत्य हो कि गल्तीबाट छुट्कारा पाउनु पापबाट मुक्त हुनुभन्दा भिन्न कुरा हो । तर पवित्र मनसँग श्रेष्ठ संसर्ग हुन्छ, चाहे पहिले सिकिएका केही गल्तीहरु अझै नहटेका नै किन नहुन् । त्यसकारण, त्यहाँ विभाजको प्रमुख कारण अरु नदेखिए पनि त्यो पाप हो । त्यसकारण आफु पवित्र नभई सम्प्रदाय र विभाजनको विरुद्ध कराउनु र मानिसहरुलाई पवित्र प्रेमको अमुल्य स्वर्गको बाटोमा हिडाउन खोज्नु केही नभई एउटा अलपत्र परेको व्यक्तिले अर्को अलपत्र परेको व्यक्तिको हाँसो उडाएको मात्र हो, अथवा एउटा शैतानले अर्को शैतानलाई बुफे खुवाएझैं हो, एउटा पिशाचले स्सेवाका छोराहरुलाई कोर्रा ठोकेझैं हो । प्रभुको पवित्रता बाहेकका सम्पुर्ण एकताका माध्यमहरु खोरको चिसो झैं छ, जस्तो कि फलामका टेढाटुक्राहरु एक हुनका निम्ति एकआपसमा जुध्दछन् । जति ती टुक्राहरुलाई हिर्काइन्छ, तिनीहरु त्यति नै टेढा र भिन्न आकारका बन्दै जान्छन् । जब हामी ती टुक्राहरुलाई भुङ्ग्रोको आगोमा राख्दछौं, तब तिनीहरुले आफ्नो चिसोपन, कडापन र टेढोपन गुमाउँछन् र एउटै ठोस बन्न पुग्दछन् । प्रभुले आफ्ना मानिसहरुलाई एकबद्ध गराउन प्रक्रिया पनि यस्तै छ, त्यो हो पवित्र आत्माको आगो । अरु जसोतसो गरी एकता ल्याउने प्रयास बेकारको समय बर्बाद मात्र हो । त्यस्ता प्रयासहरुले अर्को सम्प्रदायलाई जन्म मात्र दिन्छ, जहाँ मानिसहरु पुजा गर्न र गलबद्दी गर्न जान्छन् ।

पापपछिको छुटकारा लगातार प्रेममा बाँधिन पुग्छ। तर नितान्त बाँधिएका एकताहरु ती गुजुल्टाहरु हुन् जो जल्नका निम्ति तयार छन्। बाइबलमा उल्लेख गरिएको मुक्ति नै पुर्ण आवश्यकता हो । यो प्राप्त गरेको खण्डमा आत्माको फलस्वरुप मन र आत्माको एकता हुन्छ र बाहिरी आराधना र जीवनमा समन्वय आउँछ। जब 'एउटा आत्मालाई एउटा शरीरमा बाप्तिष्मा दिइन्छ', एउटा दिव्य आत्मामा जहाँ प्रभुको पुर्णता छ, त्यो पिउन लगाइन्द्ध । त्यहाँ 'प्रभुलाई आत्मा र सत्यमा पुज्न' कुनै बाधा हुँदैन। किनकि उनीहरु'सत्यसँग परिचित छन् र सत्यले उनीहरुलाई स्वतन्त्र बनाउँछ।'

बाइबलको पवित्रताको समतलमा , कुनै बाहिरी आचरणलाई ध्यान दिइने छैन । साच्चै भन्दा,सङ्गतिको कुनै परीक्षा गरिँदैन । किनकि, पवित्र आत्मा 'बाहिरी छुटकाराबाट निर्णयमा पुग्दैन बरु धार्मिक निर्णयको मुल्याङ्कन गर्दछ । 'तर उहाँ ज्योतिमा हुनभएझैं यदि हामी पनि ज्योतिमा हिड्छौं भने एउटा आकर्षक हाम्रो सङ्गति हुन्छ र उहाँका पुत्र यशको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।' १ युहन्ना १ :७ सङ्गति आत्माको हुन्छ र शुद्धमनमा अवस्थित हुन्छ। फिलिपी २:१ यो त्यही पवित्र आत्माले भरिएका मनहरुको चेतनशील मिश्रण हो ।

एउटा व्यक्तिलाई सम्पुर्ण सत्यको ज्ञान रहला, अर्कोलाई नरहला । यसले सङ्गतिमा बाधा भने ल्याउदैन । किनकि, यो आफैंमा एउटा कर्तव्य हो 'सत्य जान्नु'को र विनयीभावले अज्ञान व्यक्तिलाई उपदेश दिनु। केही सत्यको अवहेलना गर्नाले सङ्गति भङ्ग हुदैन र सत्यको विरोध गर्नाले मुक्ति गुमाउन सकिन्छ। हामीले मानिसहरुका गल्तीहरुको शुद्धि गर्नु जरुरी छैन तर केही गरी हामी उद्धार गरिएका हौं भने, हामी उनीहरुलाई हाम्रो प्रेम र सङ्गति देखाउन सक्छौं, जबसम्म उनीहरुले प्रमाण पाउँदैनन् कि उनीहरुको गलत सिद्धान्त स्वेच्छाचारी छ र अर्को अर्थमा भन्नुपर्दा उनीहरुले मुक्ति गुमाएका छन् । सङ्गतिको अन्त्य छ तर प्रेम र दया उनीहरुको मुक्तिका निम्ति साँचो अर्थमा सुचालरु छन्। सङ्गतिलाई मात्र त्यसको सैद्धान्तिक त्रुटीका आधारमा अस्वीकार गनु अन्धानुयायी हुनु हो । असहमतिका निम्ति या सहमतिको सत्य अथवा गल्तीहरुका निम्ति सहमति हुनु एउटा प्राचीन अन्योल हो। सत्य जान्नु हाम्रो अधिकार हो, सत्यका बारे बुझाउनु हाम्रो कर्तव्य । तर शुद्ध र पवित्र मनले सङ्गतिमा लाग्नु एउटा स्वतः र स्वचालित प्रक्रिया हो । सम्प्रदाय कामुकताको परिणाम हो। पुर्ण पवित्रता बाहेक कामुकतालाई केहीले पनि नाश गर्न सक्दैन। र त्यसबाट सम्प्रदाय र त्यसका कारण दुवै हट्न पुग्दछन्। प्रभुको प्रेमको ज्वालाले आत्माको उद्धार गर्दछ । त्यसलाई ग्रहण गर्ने सम्पुर्ण मनहरुलाई मिलाउँछ र तिनीहरुलाई सम्पुर्ण सत्यको पुर्ण र समरुपी आज्ञापालनतिर डोऱ्याउँछ र त्यो शोधन गर्ने ज्वालाबाट पन्छिएर टाढा गएकाहरुलाई निकट ल्याउँछ र पवित्र सङ्गतिको धरातल प्राप्त गर्छ ।

## अध्याय-सोह्र
## सम्प्रदाय के हो ?

'सम्प्रदाय' नाम दिइएको एउटा छोटो निबन्ध , जसलाई स्वतन्त्र मेथोडिस्ट सम्प्रदाय (क्रिस्तानी कट्टरपन्थी धार्मिक सम्प्रदाय) का संस्थापक आदरणीय बी.टी. र ोबर्ट्स भनेर हस्ताक्षर गर्ने मानिसले लेखेका हुन्, र जहाँ सम्प्रदायको परिभाषा यस्तो दिइएको छ-

'सम्प्रदाय भन्ने शब्द ल्याटिन 'सिकारी'बाट आएको हो, जसको मतलब 'घटाउनु' वा 'अलग्गै गर्नु' हो। 'सेक्सन'अथवा खण्ड वा भाग भन्ने शब्द पनि एउटै रुटको हो ।

त्यसकारण भाग भनेको एउटा घटाइएको खण्ड हो र त्यो त्यस शरीरबाट छुट्टिएको हुन्छ, जसले त्यसको अङ्ग बनाएको छ ।
क्रिस्तानहरुको सम्प्रदायले बाँकीहरुबाट छुट्टिएर एकांतिकरुपले भिन्न मत र सिद्धान्त बोक्ने गरे पनि , जसलाई उनीहरु विशिष्ट ठान्दछन्, त्यो समस्त क्रिस्तान शरीरको अङ्ग हो ।

हामी स्वीकार्छौं कि यो नै 'सम्प्रदाय' भन्ने शब्दको शिष्ट परिभाषा हो,जुन सामान्यरुपमा तिनीहरुले प्रयोग गर्दछन्, जसलाई आफुले प्रयोग गरेका शब्दहरुको अर्थको ज्ञान रहन्छ । हामी स्वीकार्छौं कि यो नै 'सम्प्रदाय' भन्ने शब्दको सही परि भाषा र व्याख्या हो । तर कसरी एउटा सामान्य बुद्धि भएका मानिसले स्पष्ट ढङ्गमा सम्प्रदायलाई परिभाषित गर्दा एकांतिक रुपमा सिद्धान्तका आधारमा छुट्टै र ख्रीष्टको शरिरबाट अलग गराइएको अङ्ग भनेर बुझ्छ र उसले ख्रीष्टको सर्वव्यापी शरीरलाई छिन्नभिन्न पारी टुक्राटुक्रा पार्ने कुरा पनि सही हो भन्नु चाहि अधर्मको रहस्य हो । यसले के तथ्य प्रदर्शन गर्दछ भने सम्प्रदाय भ्रष्ट र पापी हुन्छन् । सर्वव्यापी शरीर भन्दा गुणको मुल्याङ्कन र शुद्धि गरिनु प्रभुको विरुद्ध पाप गर्नु हो र उहाँको वचनको कदर नगर्नु हो ।

## अध्याय-सत्र
## बाइबलले सम्प्रदायका बारेमा के भन्छ ?

'आफुभन्दा धर्मी मानिसलाई दुष्टहरुले निल्दा तपाई किन चुप लाग्नुहुन्छ ? तपाईले मानिसहरुलाई समुद्रका माछा र शासकविनाका घस्रने जन्तुहरुतुल्य बनाउनुभएको छ । दुष्ट शत्रुले ती सबैलाई बल्छीले उठाई लान्छ र तिनलाई जालमा पक्रन्छ । त्यसले तिनीहरुलाई महाजालमा थुपार्छ । यसकारण त्यो रमाउँछ र खुसी हुन्छ । यसैकारण त्यसले आफ्नो जाललाई बली चढाउँछ र महाजालको लागि धुप बाल्छ । किनकि, तीद्वारा नै त्यो सुखचैनमा बस्छ र उत्तम भोजनको मजा लिन्छ । के त्यसले आफ्नो जाल रित्याउँदै जाने र जाति-जातिहरुलाई निर्दयतापुर्वक सर्वनाश गरिरहने ? '(हबकुक १:१३-१७)

'ताकि शरीरमा बेमेल नहोस् तर अङ्गहरु एउटाले अर्काको निम्ति समान वास्ता राखुन् ।' (१ कोरिन्थी १२:२५) । 'सम्प्रदाय र गठबन्दीको अर्थ एउटै हो ।

'भाइ हो, म तिमीहरुलाई आग्रहपुर्वक विन्ती गर्दछु कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फुट र बाधाविघ्न सृष्टि गर्नेहरुलाई नजर राख र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन तर आफ्नै पेटको निम्ति सेवा गर्दछन् र तिनीहरुको मीठोमीठो बोली र कुराले सीधासादाहरुका हृदयलाई धोका दिन्छन् ।' (रोमी १६:१७,१८)

'फुट हाल्ने मानिसलाई चाहि एक वा दुईपल्ट चेतावनी दिएपछि त्यससँग अरु कुनै सरोकार नराख, यो जानेर कि यस्तो मानिस भ्रष्ट र पापी हो । त्यो आफैं दोषी ठहरिएको छ ।'(तीतस ३:१०,११)

'जसरी इस्राएलीहरुका माझमा झुटा अगमवक्ताहरु पनि थिए, त्यसरी तिनीहरुका माझमा झुटा शिक्षकहरु खडा हुनेछन् । यिनीहरुले गुप्तरुपले विनाशकारी झुटा शिक्षाहरु ल्याउनेछन्, यहाँसम्म कि तिनीहरुलाई उद्धार गर्नु हुने स्वामीलाई पनि तिनीहरुले इन्कार गर्नेछन् र आफैंमाथि चाँडै विनाश ल्याउनेछन् । र धेरै जनाले तिनीहरुका विलासी आचरणको अनुसरण गर्ने छन् र तिनीहरुको कारण सत्यका मार्गको बदनामी हुनेछ ।

लोभको वशमा परेर तिनीहरुले झुटा कुरा बनाएर तिमीहरुबाट फाइदा उठाउने छन् । तिनीहरुका दण्डको कुरा अघिबाटै निर्णय भइसकेको छ र तिनीहरुका विनाशको कुरा जगै छ ।'( २ पत्रुस २: १-३) ।

जर्मनी अनुवादमा 'विनाशकारी, मतभेद' जस्ता शब्दलाई 'विनाशकारी सम्प्रदाय' भनेर बुझिन्छ ।

'किनकि पहिले त मण्डलीमा एकसाथ भेला हुदा तिमीहरुमा फाटो हुन्छ भन्ने म सुन्दछु । अनि केही मात्रामा म त्यो विश्वास पनि गर्दछु । तिमीहरुमध्य साचा मानिसहरु चिनिनलाई तिमीहरुमा मतभेद हुनु पनि आवश्यक नै छ ।' (१ कोरिन्थी ११:१८,१९) । यहा हामी मतभेदलाई विभाजन भनेर बुझिएको देख्छौं । र अनुवादकहरुले लेख्दा 'सम्प्रदाय' भनेर उल्लेख गर्छन् । पावलले कोरिन्थी सम्प्रदायका सदस्यहरुलाई कामुक भनेर घोषणा गरेका छन् । किनकि उनीहरुभित्र 'एउटाले पावलको र अर्कोले म चाहिँ अपोल्लोसको भन्छ 'जसका कारण उनीहरु गुटबन्दीतिर ओह्रालो लागे १ कोरन्थी ३: १-४ । गलातीको ५:२० मा क्राइष्टका दुतहरुले 'मतभेदहरु'को वर्गीकरण गर्दै 'सम्प्रदाय'हरुलाई हत्यारा र पुर्णरुपमा 'शारीरिक इच्छा' भन्दै सार्थक भाषामा अनुवाद गरे र घोषणा पनि गरे कि 'जो त्यस्ता कार्यमा संलग्न छ, त्यसले प्रभुको राज्यमा ठाउँ पाउँदैन ।

प्रभुले मानिसलाई मतभेदहरु, सम्प्रदायहरुबाट टाढिन र ख्रीष्टमा सम्पुर्णरुपले समाहित हुन मद्दत पुर्‍याउनु हुन्छ । जब प्रभुको वचनले नै सम्प्रदायको त्याग गर्न भन्छ भने त्यो प्रभुको मण्डली हुन सक्दैन ।

## अध्याय-अठार
## के सबै सम्प्रदाय बाहिर रहे पनि हामी आदेशहरु अनुभव गर्न सक्दछौं ?

नयाँ करारले स्पष्टरुपमा के देखाउँछ भने ख्रीष्टले निःसन्देह बाप्तिष्मा अथवा सरल भाषामा भन्दा निमज्जन वा सन्तहरुको पाऊ धुने र प्रभुको भोजन सम्बन्धी ऐननियमहरु बनाउनु भएको छ । तर ती नियमहरु अनुभव गर्न कुनै सम्प्रदायको खाँचो पर्दैन । ती नियमहरु पृथ्वीको कुनै सम्प्रदायसँग सम्बन्धित छैनन् बरु प्रभुको शरीरमा उहाँका अङ्गहरुले मात्र अनुभव गरुन् भनेर अवस्थित छन् । ख्रीष्टको शरीरलाई नबुझ्ने सम्प्रदायका सदस्यहरु त्यसको अनुभवका निम्ति पनि योग्य छैनन् । १ कोरन्थीको ११:२७-२९ हेर्नुहोस् ।

## अध्याय-उन्नाइस
## प्रार्थनाका निम्ति के सम्प्रदाय विना पनि भेला हुन सकिन्छ ?

के यस्तो हो कि प्रभुका पुत्रहरु प्रभुको प्रार्थना निम्ति सम्प्रदायको नाम विना भेला हुन सक्दैनन्, कुनै यस्तो नामका निम्ति जुन प्रभुले हामीलाई बुझाउनु भएको भन्दा भिन्न छ ? प्रभु धन्य हुनुहुन्छ कि हामी कुनै कष्ट विना सम्पुर्ण सम्प्रदायका नामहरु र भित्र रहेका दोष र अवगुणलाई साथसाथै सामेल गर्न सक्छौं । तर सम्प्रदायका सदस्यहरु यति अन्धा हुन्छन् कि उनीहरुलाई लाग्दछ पवित्र मानिसहरु जबसम्म सांसारिक जीवनमा जौडिदैनन्, प्रभुको प्रार्थनामा संयोजित हुन सक्दैनन् र प्रसन्नता प्राप्त गर्न सक्दैनन् ।

उनीहरुलाई लाग्दछ कि सम्पुर्ण प्रसन्नता छ र प्रभुमा केही पनि छैन ।

## अध्याय-बीस
## के साम्प्रदायिक सङ्गठन बिना मण्डली देख्न सकिन्छ ?

सम्प्रदाय सम्वन्धी अर्को आग्रह के छ भने साम्प्रदायिक अनुक्रममा सङ्गठित नभएसम्म मण्डली अदृश्य रहन्छ । यो मध्य युगको अर्को अन्धविश्वास हो । पवित्र आत्मा जसले मण्डली संचालन गर्नुहुन्छ उहा वास्तवमै अदृश्य हुनुहुन्छ तर उहाँको संगठन सदृश्य हुन्छ । जसरी आत्माको सुचकको रुपमा रहेको अदृश्य वायुले सदृश्य असर निर्माण गर्छ, त्यसैगरी प्रभुको मण्डली उहाँको अदृश्य शक्तिको सदृश्य असर हो । यो पहाडमाथि सजाइएको शहर, खुद नारी र पुरुषबाट रचना गरिएकाले त्यो प्रकाश लुकाउन सकिन्न । उनी जहिले पनि सदृश्य रहे । त्यसो हुन कुनै पनि सम्प्रदाय निर्माणकर्ताको आवश्यकता परेन । जव पावलले भने'अब तिमीहरु क्रिष्टका शरीर र विशेषरुपमा सदस्य हौ ।' उनी कोरिन्थमा अवस्थित अदृश्य आत्माहरुलाई सम्बोधन गर्दै थिएनन् । न त यो मात्र मण्डलीको हृदयको लुकेको मानव हो । तर 'तिमीलाई थाहा छैन कि तिम्रो शरीर क्रिष्टको सदस्य हो् ?'(१ कोरिन्थी ६:१५) । र जब, प्रभु हामीलाई क्रिष्टको शरीरमा अवस्थित गराउनुहुन्छ , हाम्रो भौतिक शरीर अदृश्य हुँदैन र जवसम्म सम्प्रदाय निर्माणकर्ता आएर हामीलाई सदृश्य संगठित गर्दैनन् , यो यसरी नै रहिरहन्छ । सच्चा मण्डलीका सदस्यहरु मात्र सदृश्य छैनन् बरु संगठन आफैं सदृश्य छ । हरेक उपहार र कार्यालय जसले दिव्य संस्था बनाउँछ, त्यो हरेक सदस्यहरुमा प्रभुको 'जो सवैमाथि , सवै वीच र तिमीहरु सवैभित्र रहनुहुन्छ' उहाँको अदृश्य कारवाहीले सदृश्य सञ्चालित हुन्छ ।

## अध्याय-एक्काइस
## के सम्प्रदायहरुबाट बाहिर आउँदा हामीले अर्को सम्प्रदायको निर्माण गर्नुपर्ने हुन्छ ?

यो अन्तिम प्रश्न हो र हामी प्रभुप्रति धेरै आभारी छौं कि हामी पर्दैन भन्ने जवाफ दिन सक्छौं । प्रभु अझ बढी 'रण्डीहरु पापमा जन्माउनु पर्छ र असमानतामा सक्नुपर्छ' भन्ने कुरालाई निषेध गर्नुहुन्छ । यदि त्यसो हो भने साम्प्रदायिकता पाप हो जहाँबाट छुटकारा मिल्ने थिएन । तर स्वर्गबाट आएको आवाजले भन्छ-'मेरा मानिसहरु, उनीबाट बाहिर आऊ ।'त्यसैले उनीबाट बाहिर आउने बाटो छ, 'यसलाई पवित्रताको बाटो भनिनु पर्छ ।'

धर्मबारे ज्ञान नभएको पापी जब प्रभुमा पुग्छ र आत्माबाट जन्मन्छ, त्यसपछि ऊ मण्डलीको अङ्ग बन्दछ तर ऊ सम्प्रदायमा रहदैन । र बाइबलमा कुनै सम्प्रदायसँग सम्वन्ध राख्ने बारे कुनै आदेश नभएकाले उसले सम्पुर्ण वचनहरुको पालना गर्न सक्दछ र मण्डलीमार्फत कनै सम्प्रदायमा नरहेर मुक्ति प्राप्त गर्नसक्छ र त्यही सवै पृथ्वीमा रहेका प्रभुका सवै सन्तहरुले गर्न सक्दछन् । तर के क्रिष्टका त्यस्ता अनुयायीहरुको संख्या गलत शिक्षाका कारण सम्प्रदायिक समाजतिर डोरिनु हुन्छ र जब ती अनुयायीहरुले आफुमाथि गरिएको छलका बारेमा थाहा पाउँछन् ,के उनीहरु सम्प्रदायिक संगठन त्यागेर , प्रभुको आदेश बमोजिम बाहिर आएर आफु सम्प्रदायमा प्रवेश गर्नुभन्दा पहिलेझै प्रभुको शरीरलाई मात्र मण्डली मान्न तयार हुन्छन् ? यो कुरालाई नबुझ्नु गल्ती मात्र ठहरिदैन ।

यदि मानिसहरु सम्प्रदायबाट बाहिर आउँछन्,सुगसँगै बाँधिएर बस्छन् र आफ्नो भिन्न धर्म निर्माण गर्दछन् भने त्यहा अर्को सम्प्रदाय जन्मन पुग्दछ । तर जिबित प्रभुको मण्डली त्यसरी बनेको होइन । त्यो त पुरुष र महिला दुवै प्रभुमा गई उद्धार हुनुको परिणाम हो । र त्यसकारण मण्डली भनेको प्रभुको कृपाले श्रेष्ठ बन्धनमा सँगसँगै बाँधिनु हो । प्रश्न यो होइन कि सम्पुर्ण इशाईहरुको एकताका निम्ति कुन व्यवस्था व्यवहारिक छ, बरु प्रश्न त्यो हो कि कुन जगमा सम्पुर्ण इशाईहरु वास्तविक र आवश्यकीय रुपमा अढिएका छन् ? खीष्टमा मात्र समाहित रह्यौं र उहाँको शरीरलाई मात्र मण्डली ठान्यौं भने हामी त्यो जगमा उभिन पुग्दछौं जसले पृथ्वी र स्वर्गका सम्पुर्ण इशाईहरुलाई समेट्छ, न कि कुनै सम्प्रदायको सदस्य वा गुट ।
यदि प्रभुको वचनद्वारा भनिएको भए कि 'हामी धार्मिक कट्टरपन्थीमा एक हौं'अथवा कुनै मानव समाजमा त्यतिखेर, धार्मिक कट्टरपन्थीहरुले ईश्वरद्वारा नियुक्त गरिएको एकताको मञ्च ओगट्छन्, र अन्य नाम र व्यवस्था विभाजनको पापको दोषी ठहरिन्थ्यो । तर जव पवित्र वचनले हामीलाई खीष्टमा मात्र समाहित हुन आदेश दिन्छ र घोषणा गर्छ, 'खीष्टमा सबै एक हुन्' 'खीष्टमा एक शरीर', उहाँमा पुगेर मात्र जहाँ सम्पुर्ण इशाईहरुलाई पुग्नै पर्दछ र जसमा कुनै पापीहरु रहुदैनन्, हामी सवै पापीहरुबाट छुट्टिएर सम्पुर्ण सन्तहरुवीच पुग्दछौं र सम्प्रदायको उल्लंघन गर्ने प्रभुका अगाडि स्वतन्त्र उभिन्छौं ।

त्यसकारण जसरी बाइबलको सम्पुर्ण बौद्धिक पाठकलाई प्रोटेस्टेण्ट सम्प्रदाय र रोमानिज्म सम्प्रदाय प्रभुका मण्डली होइनन् भन्ने ज्ञान छ र सवै सम्प्रदायका संस्थाहरुले पापीहरु र सन्तहरुलाई एकै ठाउँमा उभ्याउँछ, जुन बाइबलले निषेध गर्दछ । जब हठधर्मीहरु स्वीकार्छ् कि-'मण्डलीलाई सम्प्रदायमा बुझियो भने त्यसले कसैलाई उद्धार गर्दैन र जब खीष्ट एक्लोले मात्र हामीलाई उद्धार गर्न सक्दछन् र 'हामी उहाँमा मात्र पुर्ण छौं । किन हामी सम्प्रदायलाई त्यागेर खीष्टमा मात्र समाउन सक्दैनौं र उनको शरीरलाई मण्डली देख्न सक्दैनौ ? जब स्वर्गमा कुनै सम्प्रदाय हुदैन भने, कति पृथ्वीमा हामी त्यसमाथि झुण्डिरहन्छौं ? किन हामी खीष्टको ज्ञानको दोषारोपबाट अपमान गरिरहेछौं कि उहाँले निर्माण गनुभएकौ मण्डली व्यवहारिक छैन भनेर ? खीष्टको नाउँमा जसको वाचनले हामीलाई चाँडै उद्धार गर्ने छ, हामी चाहन्छौं सबै मानिसहरु आफ्ना सम्पूर्ण पापबाट, सम्प्रदायक गौत्रबाट, शाखागत बन्धनबाट मुक्ति पाई खीष्टको शरण लिउन्, उहाँको आफ्नै मण्डलीमा जुन 'सत्यको जग र जमिन हो ।' आमिन ।